# इटहरी उप-महानगरपालिकाको आन्तरिक आय संकलन ठेक्का आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६।०७।०१

इटहरी उपमहानगरपालिका द्वारा आ.ब.०७६।०७७ का लागि रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन,२०२० को दफा ४ , आर्थिक ऐन २०७५ को दफा २१ तथा स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ५९ र ६० अनुसार आन्तरिक आयहरु ठेक्काद्वारा बन्दोवस्त गर्नु पर्ने भएकोल मिति २०७६।०६।०६ गते कार्यपालिकाको बैठकको निर्णय अनुसार देहायका ठेक्काहरुको देहायको न्युनतम दरमा ठेक्का आव्हान गर्ने निर्णय भए अनुसार इच्छुक फर्महरुलाई कार्यालय वाट बोलपत्र खरिद गरी तोकिएको समयमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। विस्तृत जानकारीको लागि WWW.itaharimun.gov.np मा हेर्न सकिनेछ।

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम बार्षिक ठेक्का अंक रु. | सिलवन्दी दरभाउ पत्र/ बोलपत्र फारम दस्तुर | दरभाउ पत्र/ बोलपत्र फारम खरीद गर्ने अन्तिम मिति | दरभाउ पत्र/ बोलपत्र फारम बुझाउने अन्तिम मिति र समय | दरभाउ पत्र/ बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| २ | १९।२०७६।०७७ | वडा नं. ९को आइतावारे बुधवारे हटियामा रहेको भवनको ३४ कोठा | २१ महिना प्रतिकोठा रु ३००० का दरले | २१,४२,०००। | ३०००। | २०७६।०७।१५ गते सम्म | २०७६।०७।१६ गते दिउसो १२:०० वजे सम्म | २०७६।०७।१६ गते दिउसो २:०० वजे सम्म |

शर्तहरु

१. बोलपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) कर शाखाबाट तोकिएको समयमा खरिद गरि पेश गर्नु पर्नेछ।

२. शिलवन्दी बोलपत्र साथ जमानत वापत कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खाता नं. ग-३०५९०३०००००००००३०००००३ नेपाल बैंक लीमिटेड इटहरी शाखामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी तोकिएको मिति र समय भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ।

३. बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु उल्लेख गरिएको समयमा गरिनेछ।

४.छुट्टा छुट्टै विषयको बोलपत्र फारम छुट्टा छुट्टै खाममा शिलवन्दी गरी खामको वाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्मको नाम र छाप स्पस्ट लेखी, यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नु पर्ने छ।

५. रितपूर्वक दाखिला भएको शिलवन्दी बोलपत्रहरु कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ। तर ठेकेदार वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्तराखी पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन।

७. बोलपत्र खरिद गर्न र पेश गर्न मु.अ.करमा दर्ता भै आ.ब. २०७४।०७५ को कर चुक्ता भएको प्रमाणित प्रतिलिपि हुनुपर्ने, फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी, स्थानीय फर्मको हकमा ब्यवसाय कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्ने छ।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस उप-महानगरपालिका मा सुरक्षित रहने छ।

९.कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस उपमहानगरपालिकाको राजश्व शाखामा आई विस्तृत विवरण बुझ्न सकिनेछ।

१०.यस सूचनामा उल्लेख भएका सर्त यसै बमोजिम र नभएका कुराहरु को हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

११.विस्तृत जानकारीको लागि WWW.itaharimun.gov.np मा हेर्न सकिनेछ।